# दोरम्वा गाउँपालिकाको आर्थिक ऐन २०७६

## दोरम्वा गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**सभाबाट स्वीकृत मिति :२०७६/०३/१५**

प्रस्तावनाः दोरम्वागाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम दोरम्वा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि दोरम्वा गाउँ क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिकाक्षेत्रभित्र अनुसूचि १ बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): गाउँपालिकाक्षेत्रभित्र अनुसूचि२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिकाक्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरन्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटनशुल्कः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. प्राकृतिक श्रोत उपयोग शुल्कः गाउपालिकाको शहरी क्षेत्रमा सँचालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सँचालनले वजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको सँविधानको अनुसुचि ८ को खण्ड १० मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि यस ऐनको अनुसुचि १४ मा उल्लेखित दरमा प्राकृतिक श्रोत उपयोग शुल्क लगाउन सक्नेछ ।

१६. कर छुटःयस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसुचि १

**एकिकृत सम्पत्ति कर**

स्थानीय सरकार साचालन ऐन २०७४, एकीकृत सम्पत्ति कर निर्देशिका २०६२ संसोधन सहितमा भएको व्यवस्था अनुसार स्वघोषणाको आधारमा एकीकृत सम्पत्ति कर अनिवार्य रुपमा लागू गरिनेछ ।

**करको दररेट ः**

**एकीकृत सम्पत्ति करको दर**

| क्र.सं. | मुल्याङ्कन रकम (रु ) | | | | एकीकृत स. कर (रु |
|---|---|---|---|---|---|
| १ | रु. १ | देखि | १० लाख | सम्म | १००।- |
| २ | १० लाख | देखि | २० लाख | सम्म | ५००। |
| ३ | २० लाख | देखि | ५० लाख | सम्म | १०००।- |
| ४ | ५० लाख | देखि | १ करोड | सम्म | ५०००।- |
| ५ | १ करोड भन्दा माथि | | | | प्रति करोड रु २००० थप हुने |

एककिृत सम्पत्तिकर निर्धारणका लागि करदाताले तोकीएको ढांचामा आप्नो सबै सम्पत्तिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सबै सम्पत्तिको विवरण नखुलाई पेश गरि कर तिरेको पछि लुकाएको सम्पत्ति विवरण पुन पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पत्तिलाई पुरानो विवरणमा नै समावेश गरि सम्पत्ति मूल्याकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम बराबर जरीवाना थप गरि कर असुल गरिने छ ।

नोटः एकिकृत सम्पत्ति कर सम्बन्धमा गाउँपालिकाले निर्णय गरी लागु नगरेको अवधि सम्मको लागि मापलोत र घरजग्गा सम्पत्ति कर असुली गरिनेछ ।

| धुरीकर | | | |
|---|---|---|---|
| १ | खरको छानो भएको | ११०.०० | |
| २ | जस्ता, ढूँगा, टिन आदिको छानो भएको | २१०.०० | |
| ३ | पक्की एक तले पक्की घर | ३१०.०० | तला थप हुदा प्रति तला रु १०० |
| ४ | पक्की दुई तले पक्की घर | ४१० | |
| ५ | पक्की तीन तले पक्की घर | ५१० | |

## अनुसुचि २

| मालपोत/भुमिकर | | | | |
|---|---|---|---|---|
| क्र.स | मालपोत/भुमिकर | खेत | वारी | कैफियत |
| १ | अवल प्रति रोपनी | २०.०० | १५ | |
| २ | दोयम प्रति रोपनी | १५.०० | १० | |
| ३ | सिम प्रति रोपनी | १०.०० | ५ | |
| ४ | चाहार प्रति रोपनी | ५.०० | ३ | |

## अनुसुचि ३

| घरवहाल कर | |
|---|---|
| १ | गाउपालिका क्षेत्रभित्र कुनै **घर**, पसल, ग्यारेज, गोदाम, **टहरा**, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट **१०**(दश) प्रतिशत वहालकर लिने । |

## अनुसुचि ४

### व्यवसाय कर

| क्र.स. | व्यवसायका पुँजी | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | १ लाख सम्म | १००.०० | १००.०० |
| २ | रु १ लाख देखि ५ लाख सम्म | १५०.०० | १५०.०० |
| ३ | रु ५ लाख देखि १० लाख सम्म | ३००.०० | ३००.०० |
| ४ | रु १० लाख देखि २५ लाख सम्म | १,०००.०० | १,०००.०० |
| ५ | रु २५ लाख देखि ५० लाख सम्म | ५००० | २५०० |
| ६ | रु ५० लाख देखि १ करोड लाख सम्म | १०००० | ५००० |
| ७ | १ करोड देखि माथि | २०००० | १०००० |
| **अन्य व्यवसाय कर** | | | |
| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | डिलर भएको | २०००.०० | १५००.०० |
| २ | मदिरा पसल खुद्रा | १०००.०० | ५००.०० |
| **मिष्ठान भण्डार** | | | |
| **क्र.स** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** |
| १ | साना मिष्ठान भण्डार | १०००.०० | ५००.०० |
| **सुनचादी** | | | |
| **क्र.स** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** |
| १ | सुनचादी पसल | १,०००.०० | १,०००.०० |
| **होटल व्यवसाय** | | | |
| **क्र.स** | **विवरण** | **नयाँ दर्ता** | **नविकरण** |
| ४ | होटेल, बार, लज | ५,०००.०० | ५०००.०० |
| ५ | रिसार्ट श्रेणी क | ३,०००.०० | २,०००.०० |
| ६ | रिसार्ट श्रेणी ख | १,५००.०० | १,५००.०० |
| ७ | साना होटल | ५००.०० | |

| वित्तिय सँस्था | | | |
|---|---|---|---|
| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | क बर्ग | | |
| २ | शाखा कार्यालय | १५००० | १५००० |
| ३ | बिकास बैक प्रधान कार्यालय | १५,०००.०० | १५,०००.०० |
| ४ | शाखा कार्यालय | १०,०००.०० | १०,०००.०० |
| ५ | साना लघु बित्तिय | ५,०००.०० | ५,०००.०० |
| ६ | बिमा कम्पनी | १०,०००.०० | १०,०००.०० |
| ७ | सहकारी सँस्था | ३,०००.०० | ३,०००.०० |
| ८ | मनि ट्रान्सफर | ३,०००.०० | ३,०००.०० |
| मासु पसल | | | |
| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | मासु पसल | १०००.०० | १०००.०० |
| स्वास्थ्य सेवा | | | |
| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | गैर सरकारी अस्पताल १० वेडसम्म | ५,०००.०० | ५,०००.०० |
| २ | गैर सरकारी अस्पताल १० वेडभन्दा धेरै | ७,०००.०० | ७,०००.०० |
| ३ | डाक्टर सेवा क्लिनिक | २,०००.०० | २,०००.०० |
| ४ | ल्याब सेवा | १,०००.०० | १,०००.०० |
| शिक्षा सवा व्यवसाय निजी स्तर | | | |
| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | आधारभुत स्तर | २,०००.०० | २,०००.०० |
| २ | मा.वि. स्तर | ५,०००.०० | ५,०००.०० |
| ३ | प्राविधीक शिक्षा | २,०००.०० | २,०००.०० |
| कानुनी सेवा | | | |
| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | अधिवक्ता | १५०० | १५०० |
| २ | कानुनी परामर्श सेवा | १५०० | १५०० |
| ३ | लेखापढी व्यवसायी | १००० | १००० |
| ४ | लेखारिक्षण क वर्ग | ३००० | ३००० |
| ५ | लेखारिक्षण ख वर्ग | १५०० | १५०० |
| ६ | लेखारिक्षण ग/ध वर्ग | १००० | १००० |
| निर्माण व्यवसायी फर्म | | | |

| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | क वर्ग शाखा कार्यालय | २५००० | २५००० |
| २ | ख वर्ग शाखा कार्यालय | २०००० | २०००० |
| ३ | ग वर्ग शाखा कार्यालय | १५००० | १५००० |
| ४ | घ वर्ग शाखा कार्यालय | १०००० | ५००० |
| ५ | शाखा कार्यालय निर्माण व्यवसायी | आधा लाग्ने | |

## उद्योग व्यवसाय तर्फ

| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | खाद्य उद्योग क वर्ग -अधिकतम पुँजी २५ लाख माथि | १०००० | १०००० |
| २ | खाद्य उद्योग ख वर्ग अधिकतम पुँजी १५ देखि २५ सम्म | ३००० | ३००० |
| ३ | खाद्य उद्योग ग वर्ग  अधिकतम पुँजी ५ देखि १५ लाख सम्म | १५०० | १५०० |
| ४ | खाद्य उद्योग अधिकतम पुँजी ५ लाख सम्म | १००० | १००० |
| ५ | एक भन्दा वढी सामाग्री विक्री गर्न पसल | | |
| ६ | अधिकतम पुँजी १ लाख देखि ५ लाख सम्म | १००० | १००० |
| ७ | अधिकतम पुँजी ५  लाख देखि २० लाख सम्म | २००० | २००० |
| ८ | अधिकतम पुजी २० लाख माथि | ५००० | ५००० |
| ९ | अधिकतम पुँजी १ लाख देखि ५ लाख सम्म | | |

## अन्य उद्योग

| क्र.स | विवरण | नयाँ दर्ता | नविकरण |
|---|---|---|---|
| १ | चाउमिन उद्योग | १५०० | १५०० |
| २ | पाउरोटी उद्योग | १५०० | १५०० |
| ३ | आईसक्रिम उद्योग | १५०० | १५०० |
| ४ | मसला पिस्ने उद्योग | १००० | १००० |
| ५ | कृषि सम्वन्धी फर्म व्यवसाय | १००० | १००० |
| ६ | कुटानी पिसानी /तेल मिल | १००० | १००० |
| ७ | पानी उद्योग | ५००० | ५००० |
| ८ | अन्य व्यवसाय कर | | |
| ९ | तरकारी पसल | ५०० | ५०० |
| १० | फलफुल पसल | ५०० | ५०० |
| ११ | किराना पसल | ५०० | ५०० |
| १२ | हेयर कटिङ सैलुङ | ७५० | ७५० |
| १३ | व्युटी पार्लर | ७५० | ७५० |

| | | | |
|---|---|---|---|
| १४ | जुत्ता वनाई विक्री गर्ने पसल | १००० | १००० |
| १५ | साधारण जुत्ता पसल | ७५० | ७५० |
| १६ | प्लाष्टिक जुत्ता चप्पल पसल | ५०० | ५०० |
| १७ | फेन्सी पसल | | |
| १८ | फेन्सी पसल क वर्ग अधिकतम पुँजी २५ लाख माथि | ५००० | ५००० |
| १९ | फेन्सी पसल ख वर्ग अधिकतम १५ लाख देखि २५ लाख सम्म | ३००० | ३००० |
| २० | फेन्सी पसल ग वर्ग अधिकतम ५ देखि १५ लाख सम्म | १५०० | १५०० |
| २१ | फेन्सी पसल घ वर्ग अधिकतम पुँजी ५ लाख सम्म | १००० | १००० |
| २२ | कपडा पसल | १००० | १००० |
| २३ | स मिल | ३००० | ३००० |
| २४ | हेण्ड स आरो | २००० | २००० |
| २५ | फर्निचर उद्योग | ५००० | ५००० |
| २६ | साधारण फर्निचर पसल, प्लाईउड, सिसा पसल | १००० | १००० |
| २७ | लघु उद्यम/हस्तकला उद्योग | ५०० | ५०० |
| २८ | छड सिमेन्ट पसल, पेण्ट डिलर समेत भएको | १०००० | १०००० |
| २९ | छड सिमेन्ट पसल | २००० | २००० |
| ३० | पेण्ट पसल | १००० | १००० |
| ३१ | फलाम र सो सम्वन्धी साधारण पसल | ५०० | ५०० |
| ३२ | टिभि,फ्रिज समेत भएको ईलेक्टोनिक पसल | २००० | २००० |
| ३३ | ईलेक्टिक पसल, विजुली मर्मत पसल | १००० | १००० |
| ३४ | रेडियो घडी ,टिभि र अन्य मर्मत तथा विक्री | १००० | १००० |
| ३५ | खुद्रा कृषि सामाग्री पसल | ५०० | ५०० |
| ३६ | पुस्तक तथा स्टेशनरी पसल | १००० | १००० |
| ३७ | छापाखाना प्रेस | २००० | २००० कैफियत पुँजी अनुसार हुने |
| ३८ | कागज उद्योग | ५००० | ५००० |
| ३९ | खुद्रा प्लाष्टिक पसल | १००० | १००० |
| ४० | औषधी पसल | १५०० | १५०० |
| ४१ | फोटो स्टुडियो भिडियो ग्राफ्रो सहित | १००० | १००० |
| ४२ | फोटो स्टुडियो | ५०० | ५०० |
| ४३ | पेट्रोल पम्प | ५००० | ५००० |
| ४४ | कम्प्युटर तालिम केन्द्र, भाषा शिक्षण केन्द्र, | १००० | १००० |

| | | | |
|---|---|---|---|
| | ड्राईभिङ सेन्टर | | |
| ४५ | कम्प्युटर मर्मत केन्द्र | १००० | १००० |
| ४६ | सामुदायिक रेडियो प्रसारण | १५०० | १५०० |
| ४७ | मोटरसाईकल वर्कशप | १००० | १००० |
| ४८ | सवारो साधन मर्मत पसल | १००० | १००० |
| ४९ | ग्रील उद्योग | १५०० | १५०० |
| ५० | ट्युव मर्मत तथा हावा भर्ने पसल | २०० | २०० |
| ५१ | पुल स्नुकर | १५०० | १५०० |
| ५२ | ढुवानी सेवा | २००० | २००० |
| ५३ | फोटो कपि पसल | ५०० | ५०० |
| ५४ | ईन्जिनियरिङ कन्सल्टेन्सी फर्म | ५००० | ५००० |
| ५५ | पेन्टिङ पसल | १००० | १००० |
| ५६ | ग्यास पसल | १००० | १००० |
| ५७ | म म सुकुटी पसल | १००० | १००० |
| ५८ | सिरक डसना पसल | १००० | १००० |
| ५९ | मोवाईल फोन मर्मत | १००० | १००० |
| ६० | डिस्टीलरी उद्योग | २०००० | २०००० |
| ६१ | डेरी उद्योग | १००० | १००० |
| ६२ | कुखुरा फर्म | १००० | १००० |
| ६३ | माछा फर्म | १००० | १००० |
| ६४ | नर्सरी फर्म | १००० | १००० |
| ६५ | इटा उद्योग | १०००० | १०००० |
| ६६ | टायल व्लक रिङ लगायत सेनीटरी उद्योग | २००० | २००० |
| ६७ | ठुला उद्योग | | |
| ६८ | अधिकतम पुंजी ५ करोड माथि | ५०००० | ५०००० |
| ६९ | मझौला अधिकतम पुंजी ५० लाख देखि ५ करोड सम्म भएका | २०००० | २०००० |
| ७० | साना उद्योग अधिकतम ५० लाख सम्म भएका | ५००० | ५००० |

## अनुसुचि ५

जडीवुटी कवाडी र जीवजन्तु कर

| जडीवुटी कवाडी र जीवजन्तु कर | | | |
|---|---|---|---|
| क.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | कवाडी सामाग्री सँकलन पसल | २००० | २००० |
| २ | वनजन्य काठ-सुनपाती धुपी लोक्ता चिराईतो जाटामसी उत्तिस सतुवा लगायत | प्रतिकेजी रु ३ | निकासी दस्तुर थप रु ३ |
| ३ | ढुङ्गा- स्लेट, पत्रे ढुङ्गा | प्रति क्यूफिट रु ३ | निकासी दस्तुर थप रु ६ |
| ४ | चीज | प्रतिकेजी रु ५ | |
| ५ | ध्यु, छुर्पी | प्रति केजी रु ५ | |

## अनुसुचि ६

| सवारी दर्ता तथा नविकरण | | | |
|---|---|---|---|
| क.स | विवरण | नयाँ दर्ता | नविकरण |
| १ | भाडाका कार, जिप ट्रेक्टर, मिनिबस | ५००.०० | ५००.०० |
| २ | बस, ट्रक, लहरी तथा हयावी सवारी साधन | ५००.०० | ५००.०० |
| ३ | निजिकार, जिप तथा अन्य | ५००.०० | ५००.०० |
| ४ | मोटर साईकल, स्कुटर तथा अन्य सवारी साधन | १००.०० | १००.०० |
| ५ | ठेला | १००.०० | १००.०० |

**अनुसुचि ७**

# विज्ञापन कर

| विज्ञापन कर | | | |
|---|---|---|---|
| **क.स.** | **विवरण** | **कर दर** | |
| १ | होडीङ्ग, बोर्ड, व्यानर, व्यवसायीक बिज्ञापन (५ वर्ग फिट सम्मको, ५ वर्गफिट भन्दा ठूलोको हकमा प्रति वर्गफिट रु ५० का दरले थपिने छ | वार्षिक ५००.०० | सँस्थान तथा सार्वजनिक कार्यका लागि छुट |
| २ | अस्थायी रुपमा व्यवसायीक दष्टिकोणले राखेको बोर्ड, व्यानर | प्रतिदिन २००.०० | सँस्थान तथा सार्वजनिक कार्यका लागि छुट |
| ३ | व्यवसायीक दृष्टिकोणले माइकिङ्ग गर्दा | प्रति दिन १००.०० | सँस्थान तथा सार्वजनिक कार्यका लागि छुट |

सास्कतिक तवरले गरिने कार्यक्रममा छुट दिइनेछ ।

# अनुसुचि ८

| मनोरञ्जन कर | | | |
|---|---|---|---|
| **क. स.** | **विवरण** | **शुल्क दर** | **नविकरण** |
| १ | सिनेमा हल, भिडीयो हल, सांस्कृतिक प्रदर्शन हल, थियटर | टिकटको ५ प्रतिशत | टिकटको ५ प्रतिशत |
| २ | चलचित्र सुट्रिङ | रु २००० प्रति दिन | |
| ३ | जादु, सर्कस, चटक, टेलिसिरियल, गीत सुटिङ शुल्क | १,०००.०० | १,०००.०० |
| ४ | डिक्स तथा व्यपारीक केवल नेटवर्क | १५००.०० | |

| | | | |
|---|---|---|---|
| | | | १,५००.०० |

**अनुसुचि ९**

**वहाल विटौरी कर**

गाउँपालिकाका सार्वजनिक जग्गाहरु गत/विगत बर्षदेखि भोगचलन गर्दै आए वापत प्रति आना समझौता को विवरण अनुसुचिमा उल्लेख गरे वमोजिम हुनेछ ।

| **वहाल विटौरी कर** | | | |
|---|---|---|---|
| **क.स** | **विवरण** | **वहाल विटौरी शुल्क** | **कैफियत** |
| १ | रिष्ठे, खोलाखर्क र दोरम्बा वजार क्षेत्र | रु ५०० | बार्षिक प्रतिआना |
| २ | अन्य क्षेत्र | रु ४०० | बार्षिक प्रतिआना |

## सम्झौताको ढाँचा

## स्थानीय सरकार संचालन ऐन २०७४ र दोरम्वा गाउंपालिकाको आर्थिक ऐन २०७६ को अधिनमा रहि वहाल विटौरी कर लिने प्रयोजनका लागि गरिएको सम्झौतापत्र

लिखितम जिल्ला रामेछाप, दोरम्वा गाउपालिका वडा न.., बस्ने ........................को नाति/नातिनी, ..................को छोरा/छोरी ...............................को श्रीमान/श्रीमती वर्ष .........को श्री .............(यस पछि प्रथम पक्ष भनिने ) र दोरम्वा गाउं कार्यपालिकाको कार्यालय, (यस पछि दोश्रो पक्ष भनिने) का बिच तपशिलका शर्त तथा बन्देजहरुको अधिनमा रहि दोरम्बा गाउंपालिका वडा नं........को कि. नं. .....को नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा प्रयोग गरे वापत वहाल विटौरी कर असुल उपर गर्ने प्रयोजनार्थ हामी दुवै पक्ष पुर्ण मञ्जुर भई राजी खुसी साथ यो सम्झौतापत्रमा दस्तखत गरि एक/एक प्रति लियौ दियौ ।

**शर्त तथा बन्देजहरु**

१. स्थानीय सरकार संचालन  ऐन, २०७४ को दफा ... र दोरम्बा गाउंपालिकाको आर्थिक ऐन, २०७६ को दफा ... वमोजिम यो सम्झौता गरिएको छ ।

२. प्रथम पक्षले नेपाल सरकारको नाममा रहेको सार्वजनिक जग्गा र सो मा बने/बनाएको संरचना प्रयोग गरे/गराए वापत गा.पा को अर्थिक ऐन वमोजिम रकम बुझाउनु पर्नेछ ।

३. सम्झौता वमोजिमको रकम प्रत्येक आर्थिक वर्ष सकिएको तीन महिनाभित्र दोश्रो पक्षलाई प्रथम पक्षले बुझाउनु पर्नेछ । सो नवुझाएमा बार्षिक १० प्रतिशतका दरले हर्जाना असुल दोश्रो पक्षले प्रथम पक्षलाई गर्नुपर्नेछ ।

४. वहाल विटौरी कर तिरे वापत प्रथम पक्षले स्थायी तवरले जग्गा वा सो मा निर्मित संरचना प्राप्तिका लागि दोश्रो पक्षसंग कुनै दावी गर्न पाउने छैन ।

५. दोश्रो पक्षले प्रथम पक्षलाई प्राकृतिक प्रकोप वा अन्य विषेश अवस्थामा गाउ कार्यपालिकाको  निर्णयानुसार अल्पकालिन प्रयोगका लागि माग भई आएमा प्रथम पक्षले सम्भव भए सम्म दोश्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६.  प्रथम पक्षको गैरजिम्मेवारीका कारण कुनै मालसामान नष्ट भएमा सो जिम्मेवारी स्वयं प्रथम पक्ष हुनुपर्नेछ र सो को क्षतिपुर्ति दोश्रो पक्षसंग माग दावी गर्न पाईने छैन ।

७. प्रथम पक्षले सेवा करार सम्झौता भंग गर्न चाहेमा १ महिना अगाडि दोश्रो पक्षलाई जानकारी गराउनुपर्ने र दोश्रो पक्षले करार सम्झौता भंग गर्न चाहेमा जुनसुकै समयमा भंग गर्न सक्नेछ ।

८. यो सम्झौता एक आर्थिक वर्षका लागि मात्र कायम रहनेछ ।

९. यस सम्झौता पत्रमा उल्लेख भएका शर्त तथा बन्देजहरु समायोजन गर्नु पर्ने भएमा प्रचलित कानुनको अधिनमा रहि दुवै पक्षको मन्जुरी बमोजिम गर्न सकिनेछ ।

| **प्रथम पक्षका तर्फवाट** | **दोश्रो पक्षका तर्फबाट** |
|---|---|
| नाम थरः श्री...................... | नाम, थरः श्री ............... |
| प्रयोग गरेको जग्गाको कि.नं..... | पदः............................ |
| ठेगानाः............................... | दस्तखत .................... |
| दस्तखत................................ | |

इति सम्वत २०.. साल ... महिना .. गते रोज .. शुभम्

## अनुसुचि १०

| पार्किङ्ग शुल्क | | | |
|---|---|---|---|
| क्र. स. | विवरण | शुल्क दर | नविकरण |
| १ | मोटर साईकल | रु ५ | प्रतिधण्टा |
| २ | हलुका सवारी साधन | रु २० | प्रतिधण्टा |
| ३ | हेभी सवारी साधन | रु ३० | प्रतिधण्टा |
| स्थानीय सवारी साधनलाई छुट दिईनेछ . . | | | |

## अनुसुचि ११

## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ज्याफ्टीङ्ग शुल्क

गाउँ कार्यपालिकाको वैठकद्धारा निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसुचि १२

| कार्यालयबाट दैनिक संकलन कर, दस्तूर, शूल्क सम्वन्धी विवरण | | | |
|---|---|---|---|
| क्र. स. | विवरण | शुल्क दर | कैफियत |
| १ | सर्जमिन दस्तुर | १००.०० | |
| २ | जग्गा छुट्टाउने दस्तुर | २००.०० | |
| घर बाटो प्रमाणित फिल्ड निरीक्षण दस्तुर | | | |

| क्र. स. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | ग्राभेल वाटोले छोएको | ५००.०० | |
| २ | कच्ची वाटोले छोएको | २००.०० | |
| ३ | वाटो नभएको | १००.०० | |
| ४ | अनुभव प्रमाणित दस्तुर | १००.०० | |
| ५ | मिलापत्र शुल्क (दुवै प ासँग आधा आधा) | ५००.०० | |
| ६ | रकम कलम उठाई दिएवापत सयकडा | उठाएको रकमको १ प्रतिशत | |
| ७ | जग्गा रोक्का सिफारीस | २०० | |
| ८ | सिफारीस प्रमाणित दस्तुर | २००.०० | |
| ९ | फोटो प्रमाणित मात्र | प्रतिपेज १०.०० | |
| १० | निजी स्तरको बिद्यालय स्थापना सिफारिस दस्तुर | ५,०००.०० | |
| ११ | निजी कक्षा स्तरोन्नति सिफारिस दस्तुर | २,०००.०० | |
| १२ | निबेदन/टिकट | १०.०० | |
| १३ | निर्माण व्यवसायी पेट्रोलियम पदार्थ दर्ता सिफारिस | १०,०००.०० | |
| १४ | नेपाली नागरिकता सिफारिस | ५०.०० | |
| १५ | नेपाली नागरिकता प्रतिलिपि सिफारिस | १०० | |
| १६ | चारकिल्ला प्रमाणित दस्तुर | २००.०० | |
| **बिद्युत सिफारिस** | | | |
| **क्र. स.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | घरेलु बिद्युत लाईन जडान सिफारिस | २००.०० | |
| २ | ठुलो उद्योगमा बिद्युत लाईन जडान सिफारिस | ५,०००.०० | |
| ३ | मझौला उद्योग बिद्युत लाईन जडान सिफारिस | ५,०००.०० | |
| **पेन्सन सिफारिस** | | | |
| १ | ब्रिटिस/तेश्रो मुलुक | २,०००.०० | |
| २ | भारतीय | ५००.०० | |
| ३ | नेपाली पन्सनर | १००.०० | |
| **विभिन्न सिफारीस** | | | |
| **क्र. स.** | **विवरण** | **शुल्क दर** | **कैफियत** |
| १ | अविवाहित/विवाहित प्रमाणित | २००.०० | |
| २ | आदीबासी जनजाती लोपोन्मुख दलित | २००.०० | |
| ३ | चालचलन प्रमाणित | २००.०० | |

| | | | |
|---|---|---|---|
| ४ | जन्म प्रमाणित | १५०.०० | |
| ५ | अन्य प्रमाणित | १५०.०० | |
| ६ | नाता कायम /नाता प्रमाणित | १५०.०० | |
| ७ | सँरक्षक प्रमाणित | २००.०० | |
| ७ | नाता कायम /नाता प्रमाणित अंग्रेजी | ३००.०० | |
| ८ | बसोबास प्रमाणित | २००.०० | |
| ९ | आयश्रोत प्रमाणित | प्रति लाखको रु २०० | |
| १० | अचल सम्पत्ति मुल्याङ्कन दस्तुर | प्रति लाखको रु २०० | |
| ११ | अंग्रेजीमा गरीने सिफारीसको सेवा शुल्क | नेपालीमा गरिने सिफारिसको दोव्वर | |
| १२ | ना.प्र. सर्जमिन | ५००.०० | |
| १३ | अवादी जग्गाको रुख कटान/घरेलु सर्जमिन/प्रति रुख | २०.०० | |
| १४ | घटना दर्ता सेवा शुल्क (जन्म दर्ताको हकमा ३५ भित्र दर्ता हुन आएमा निःशुल्क | ५०.०० | |
| १५ | घटना दर्ता संसोधन सर्जमिन | १५०.०० | |
| १६ | नाम थर, जन्म मिति प्रमाणित | २००.०० | |
| १७ | घरसारको सिफारीस गाउपालिका भित्र | २००.०० | |
| १८ | घरसारको सिफारीस गाउपालिका वाहिर | ५००.०० | |
| १९ | सुकम्वासी आयोगले निर्णय गरि जग्गा दर्ता सिफारीस गर्नुपर्ने अवस्थामा | अवल रु ४०० दोयम रु ३०० सीम रु २०० चाहार रु १०० | |
| २० | जग्गा नामसारी सिफारीस | प्रति रोपनी रु. १००.०० | |
| २१ | एकीकृत सम्पत्ति कर | नियमानुसार | |
| २२ | सिफारीस प्रतिलिपी दस्तुर | ११०.०० | |
| २३ | खा.पा. धारा जडान सिफारीस | २००.०० | |
| २४ | मुहान दर्ता सिफारिस शुल्क | ५०० | |
| २५ | अन्य सिफारीस दस्तुर | २००.०० | सिफारिसको प्रकृति हेरी नियमानुसार |
| २६ | हल भाडा ठुलो /सानो | १०००/५०० | प्रतिदिन |
| २७ | प्राजेक्टर मेशिन भाडा | ५०० | प्रतिदिन |
| **नक्शा पास दस्तुर** | | | |

| क्र. स. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | निबेदन | रु १०.०० | |
| २ | सर्जमिन दस्तुर | रु २००.०० | |
| ३ | नक्शापास फारम बिक्री | रु ५००.०० | |
| ४ | घर नक्शा नामसारी दस्तुर | रु १,०००.०० | |
| ५ | घर नक्शापास दस्तुर प्रति बर्ग फिट ग्रामिण | रु १ | व्यवसायिक प्रकतिको हकमा रु ५ प्रतिवर्ग फिट |
| ६ | घर नक्शापास दस्तुर प्रति बर्ग फिट सडकले छोएको | रु २ | |
| ७ | ५०० वर्ग फिट भन्दा कम क्षेत्रफल भएका घरको हकमा न्युनतम | रु ५१०.०० | |
| ८ | नक्सा प्रमाणित दस्तुर | रु ५१०.०० | |

**घटना दर्ता शुल्क**

| क्र. स. | विवरण | शुल्क दर | कैफियत |
|---|---|---|---|
| १ | जन्मदर्ता | १५० | |
| २ | विवाह दर्ता | १५० | |
| ३ | मृत्यु दर्ता | १५० | |
| ४ | वसाईसराइ | १५० | |
| ५ | सम्वन्ध विच्छद | १५० | |

**पटके सवारी साधन एवँ पर्यावरण तथा सडक मर्मत सँभार शुल्क**

| क्र.स. | विवरण | पर्यावरण र सडक मर्मत संभार शुल्क | पटके सवारी साधन कर |
|---|---|---|---|
| १ | ट्रेक्टर हाइड्रोलिक नभएको | १५.०० | १५.०० |
| २ | ट्रेक्टर हाइड्रोलिक | १५.०० | १५.०० |
| ३ | ट्रक/टिप्पर (नेपाली नम्बर प्लेट | २०.०० | २०.०० |
| ४ | ट्रक टिप्पर (भारतीय नम्बर प्लेट | ३०.०० | २०.०० |
| ५ | जीप/कार | १०.०० | १०.०० |
| ६ | बस | २०.०० | २०.०० |

## अनुसुचि १३

# पर्यटन शुल्क

गाउँ कार्यपालिकाले कार्यपालिकाको वैठकले निर्धारण गरे वमोजिम हुनेछ ।

## अनुसुचि १४

| | प्राकतिक श्रोत उपयोग शुल्क | |
|---|---|---|
| १ | नदी तथा वगर जस्ता सार्वजनिक क्षेत्रवाट उत्पादन भइ निकासी हुने नदीजन्य पदार्थ | प्रति टिप ठुलो रु १००० <br> सानो रु ५०० |
| २ | सार्वजनिक जग्गाको माटो, ढुँगा विक्री मुल्य सिफारिस समेत | प्रति टिप ठुलो रु २००० <br> सानो रु १००० |
| ३ | निजी जग्गावाट उत्पादन भइ सार्वजनिक क्षेत्र वाट निकासी हुने खानीजन्य पदार्थ | प्रति टिप ५०० |

# अन्य विषेश व्यवस्था

| विषेश सहुतियत प्राप्त गर्ने वर्ग | | |
|---|---|---|
| अनाथ अपाङ र महिलासँग सम्वन्धित सिफारिसमा | २५ प्रतिशत छुट | |
| जेष्ठ नागरिकको हकमा कुनै पनि शुल्क लाग्नेछैन । | | |
| कृषि उत्पादन वढाउने उद्धेश्यले महिला, आदिवासी जनजाति दलितको नाममा फर्म दर्ता सिफारिसमा | २५ प्रतिशत छुट | |
| माथि उल्लेखित विषय भन्दा वाहेक अन्यको हकमा साविक गाउपालिका रगाविस को निर्णयानुसार र सो नभएमा नपाल सरकार को नियमानुसार हनेछ । | | |

गाउपालिकालाई तिर्नु बफाउनु पर्ने कुनै पनि कर,शुल्क,भाडा वा यस्तै प्रकृतिका कुनै पनि दायित्व चालू आ.व. भित्र नतिरेमा/नबुफाएमा पहिलो वर्षको लागि २० प्रतिशत, दोस्रो वर्ष २५ प्रतिशत र तेस्रोबाट ३० प्रतिशत थप जरिवाना समेत असुल उपर गरिनेछ